नेपाल बार एसोसिएशनको

स्वतन्त्र न्यायपालिका, लोकतन्त्र, विधिको शासन, मानव अधिकार प्रेस स्वतन्त्रता, व्यावसायिक हक हित संरक्षण र सुरक्षाका लागि संगठित करिब १८ हजार बौद्धिक तथा व्यावसायिकहरुको अग्रणी संस्था नेपाल बार एसोसिएशनको २५औं कार्यसमितिका लागि २०७५।१२।१६ मा सम्पन्न निर्वाचनमा प्रत्यक्ष सहभागी सम्पूर्ण कानून व्यवसायीहरू, नेबाए निर्वाचन समिति, नेबाए र अन्तर्गतका बार इकाईहरुका कार्यसमिति पदाधिकारी सदस्यहरू, ८९ बार इकाइहरुमा आवध्द कानून व्यवसायीज्यूहरू, नेबाए तथा मातहत इकाईका कर्मचारीहरू, अन्य शुभेच्छुक, सहयोगी तथा पत्रकार संचारकर्मी एवम् संचारमाध्यमहरूलाई हार्दिक आभार तथा धन्यवाद ज्ञापनगर्दछौं । साथै, सम्पूर्ण महानुभावहरुमा नयाँ वर्ष बिक्रम संवत् २०७६ सालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल बार एसोसिएशन आफ्नो स्थापनाकालदेखि नै स्वतन्त्र, सक्षम र निर्भिक न्यायपालिका, विधिको शासन, मानव अधिकारको रक्षा र न्यायमा सरल सहज पहुँच, कानून व्यवसायीहरुको हक हित र सुरक्षाप्रति प्रतिबध्द रहँदै आएको कुरा सर्वविदितै छ । स्वतन्त्र, सक्षम र निर्भिक न्यायपालिका हुनका लागि न्यायाधिशको चयन वा नियुक्ति पनि सोही वमोजिम हुनुपर्छ भन्ने कुरामा हामी दृढ छौं । यसका लागि न्यायपरिषदको भूमिका महत्वपूर्ण हुन्छ । न्याय परिषदको जिम्मेवार र प्रभावकारी भुमिका सँधै अपेक्षित छ । तर विगत केही वर्षदेखि न्यायाधीश नियुक्ति तथा कारवाहीको विषयमा न्यायपरिषदको भुमिका अपेक्षित हुन नसकेको व्यहोरा अन्य कसैको सामु पनि छिपेको कुरा रहेन । न्यायपालिकाको गरिमा र जनआस्था बढाउने कुरामा न्याय परिषदकै पहिलो र अहम् भूमिका रहन्छ । त्यसका लागि न्यायपरिषदवाट हुने नियुक्ति कारवाही र न्याय प्रशासनका विषयमा यसका सदस्यहरू अत्यन्तै जिम्मेवार रहनु पर्दछ । नेपाल बार एसोसिएशन न्यायपालिकाको जनआस्था बढाउने कार्यमा सदा लागीरहनेछ भन्ने कुरामा हामी सम्बन्धित सबैलाई विश्वास दिलाउन चाहन्छौं ।

न्याय परिषदको व्यवस्था जुन अपेक्षाका साथ गरिएको थियो, सो अनुकुल काम हुन नसक्दा पटक पटकका न्यायाधिश नियुक्ति विवादमा परेका छन् । न्यायाधीश नियुक्ति सम्बन्धी विवादहरुले न्यायपालिकाको सुदुर भविष्य स्वतन्त्र, सक्षम र निर्भिक रहने कुरामा विश्वास गर्ने आधार कम हुँदै गएको छ । यसले गर्दा न्याय परिषदको संरचना वा संसदीय सुनुवाई वा दुवैको विकल्प सोच्नुपर्ने या त न्याय परिषद कानूनमा संशोधन गरी न्याय परिषदका सदस्यहरूलाई जिम्मेवार बनाउन अब ढिलो गर्नु हुँदैन भन्ने अनुभूति भएको छ ।

यसै विषयलाई हृदयंगम गरी नेपाल बार एसोसिएशनले नेपालको संविधान बमोजिम आफ्नो तर्फवाट न्याय परिषदमा सिफारिस गरी पठाउने सदस्यको चयन र निजले परिषदमा खेल्नुपर्ने भुमिका एवम् कानून व्यवसायीहरुका तर्फवाट न्यायाधीश नियुक्त हुनसक्ने व्यक्तिहरुको रोष्टर समेतका सम्बन्धमा अब छिट्टै नै एउटा आन्तरिक कार्यविधि वा निर्देशिका निर्माण गर्न लागेको व्यहोरा जानकारी गराउन चाहन्छौं । तसर्थ न्याय परिषदलाई आफ्नो संवैधानिक एवम् कानूनी दायराभित्र रहेर न्यायपालिकाको गरिमा उँचो राख्न सदा तत्पर रहिरहन र जिम्मेवार भूमिका निर्वाह गर्न हार्दिक अपिल गर्दछौं ।

न्यायपालिकामा हुने ढिलासुस्ती, विकृति विसंगतिले गर्दा आमजनताको न्यायपालिका प्रतिको जनआस्थामा दिनहुँ ह्रास हुँदै आएको छ । यस अवस्थामा नेपाल बार एसोसिएशन चुप लागेर बस्न सक्दैन । तसर्थ आगामी दिनमा न्यायपालिकामा हुने ढिलासुस्ती, न्यायिक विकृति, विसंगतिहरुको अन्त्य, न्यायमा जनताको सरल र सहज पहुँच, कानून व्यवसायीहरुको दक्षता अभिवृध्दि एवम् आचार संहिता परिपालनाका लागि दृढसंकल्पित रहनेछ ।

केहि महिना अगाडिदेखि मात्रै लागू भएका मुलुकी देवानी तथा फौज्दारी कानून तथा अन्य विभिन्न कानूनहरुको कार्यान्वयनको सिलसिलामा केही अन्यौलहरू देखिएको र यसवाट सेवाग्राही, कानून व्यवसायी, अदालतका कर्मचारी, न्यायाधीशहरुमा समेत एकरूपको बुझाई नरहेको परिप्रेक्षमा थप जटिलताहरू सिर्जना हुन गएको महसुस भएको छ । यसलाई सहज र सरल बनाउनका लागि सरोकारवालाहरूसंग निरन्तर छलफल, संवाद एवं सोहि बमोजिमको प्रशिक्षणको आवश्यकता देखिन्छ । हाल राष्ट्रिय न्यायिक प्रतिष्ठानले गर्दै आएको प्रशिक्षण मात्र पर्याप्त नरहेको

र नेबाए ले विगत १७ वर्षदेखि उठाउँदै आएको Lawyers Academy को गठन र संचालनका लागि शिघ्रताका साथ आवश्यक पहल थालिने पनि जानकारी गराउन चाहन्छौं ।

कानून व्यवसायीको वृत्ति विकाश र हकहित संरक्षणका लगि विगतदेखि आफ्नै सहभागितामा संचालित कल्याणकारी कोष अपेक्षितरूपमा संचालन हुन नसकेको सन्दर्भमा यसलाई प्रभावकारी बनाउने र कानून व्यवसायीहरुको हकहित र सुरक्षाका निम्ति अन्य वैकल्पिक उपायहरू खोजी गर्ने हाम्रो प्रयास निरन्तर जारी रहने छ । साथै, नेबाए ले नियमित संचालन गर्दै आएका कार्यक्रमहरूलाई निरन्तरता दिँदै थप श्रोत साधनको खोजी गरी कानून व्यवसायीहरुको हकहित संरक्षण, सम्वर्धन, सुरक्षा र दक्षता अभिवृध्दि गर्न प्रतिबद्ध रहनेछौं । स्वतन्त्र निष्पक्ष, निर्भीक र पारदर्शि तथा उत्तरदायि न्यायपालिका एवम मानव अधिकार रक्षाका लागि निर्वाचनका दौरानमा अभिव्यक्त सबै पक्षका प्रतिवध्दताहरूलाई पूँजीकृत गर्दै पूर्व अध्यक्ष एवम पदाधिकारीहरु, वरिष्ठ अधिवक्तादेखि नवोदितसम्मका कानून व्यवसायीहरू एवम बार इकाईहरूसंगको आपसी छलफल र परामर्शमा क्रमशः कार्यान्वयन गर्दै लगिने छ ।

नेबाए र यसका इकाईहरूसंगको सम्वन्ध सुमधुर रहने गरी इकाई बारका पदाधिकारी तथा नेबाए केन्द्रीय समितिका बीच नियमित सम्पर्क, छलफल विमर्श गरिनेछ । बार र बेन्च बीच नियमित सम्पर्क, भेटघाट र छलफल मार्फत सरल, सहज, स्वच्छ न्याय सम्पादन गर्ने गराउने कुरामा अग्रसर रही कार्य गर्ने प्रतिबध्दता व्यक्त गर्दै हाम्रो यस अभियानमा आ-आफ्नो तर्फबाट सल्लाह सुझाव र सहयोग पु-याई दिनु हुन नेबाएका पूर्व अध्यक्ष एवम पदाधिकारीज्युहरू, न्यायाधीशज्युहरू, वरिष्ठ अधिवक्ताज्युहरू लगायत सम्पुर्ण कानून व्यवसायीज्यूहरू, बार एसोशिएशन र न्यायपालिकाका कर्मचारीहरू, नेपाल सरकार तथा दातृ निकायहरू, अदालत एवम् पत्रकार, संचारकर्मी एवम संचारमाध्यम तथा सरोकारवालाहरू सबैमा हार्दिक अपिल गर्दछौं ।

निरन्तर सहयोग र समझदारीका लागि धन्यवाद ।

( लीलामणि पौडेल )

महासचिव

नेपाल बार एसोसिएशन

२०७६।०१।०६ शुक्रवार ।

नेपाल बार एशोसिएशन * Nepal Bar Association *